# सत्कर्मको अदेश गर्नु र कुकर्मबाट मनाही गर्नु

[ नेपाली - Nepali - نيبالي ]


लेखकः बासिम बिन हुसैन बिन हसन मश्शात

अनुवादकः अतीकुर्रहमान मो.इदरीस खान मक्की



2013 - 1434

IslamHouse.com

# الأمر بالمعروف والنهي عن المنكر

« باللغة النيبالية »

تأليف: الشيخ باسم بن حسين بن حسن مشاط

ترجمة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# अनुवादकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा र रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो कथनहरूमा सत्कर्म तर्फ आव्हान गर्ने र कुकर्मबाट मनाही गर्ने आदेश दिनु भएछ । अल्लाहको फर्मान छ : " (मोमिनहरू !) मानिसहरूका लागि पैदा गरिएको सबै सम्प्रदायहरू मध्ये तिमीहरू सबैभन्दा उत्तम हौ किनकी सत्कर्म गर्न भन्दछौ र दुष्कर्मबाट टाढा रहन सिकाउँदछौ र अल्लाहमाथि आस्था राख्दछौ र यदि अहले किताबले पनि आस्था राखेको भए तिनीहरूको निम्ति धेरै राम्रो हुने थियो । तिनीहरू मध्ये ईमानवालहरू पनि छन् र धेरै जसो अवज्ञाकारीहरू छन् ।" ( सूरतु आले इम्रान ११० ) र हदीसमा छ : " हजरत जाबिर रजीअल्लाहो अन्हो भन्छन्: मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमको हातमा यो अटोट गरेछु कि म नमाज कायम गर्ने छु र जकात दिंदै रहनेछु र आफ्ना मुसलमान भाइहरूलाई सदुपदेश दिंदै रहनेछु " ( बुखारी, मुस्लिम )

यो विषय अति महत्वपूर्ण भएकोले मैले यसलाई अनुवाद गर्ने निर्णय गरेको हो, साथै यो पनि ज्ञात रहोस् कि मैले मुख्य लेख जुन शैख बासिमद्वारा त्यार गरिएको छ त्यसमा केही घटथप गरी त्यसलाई संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट सर्वसृष्टिलाई फाईदा पुऱ्याई मात्र आफ्नो लागि कबूल गरी मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो र मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाई स्वर्ग प्रदान गरुन् (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# सत्कर्म र कुकर्मको अर्थ एवं परिभाषा

**सत्कर्म :** सत्कर्म त्यो सबै कार्य र कुराहरू हुन् जसद्वारा अल्लाहको अज्ञाकारिता बोध हुन्छ, र जसद्वारा अल्लाहसित निकट्ता बढोस्, र जसद्वारा मानवको कल्याण होस् । ( इबनुल असीर अन्निहाया फी गरीबिल् हदीस भाग ३ पेज नं. २१६ )
र इब्ने जरीरको भनाई छ : " सत्कर्म त्यो सबै कार्यहरू हुन् जसलाई गर्नु उचित र उत्तम होस् " ( लिसानुल् अरब )
**कुकर्म :** कुकर्म सत्कर्मको उल्टो हो, कुकर्म त्यो सबै कार्यहरू हुन् जसलाई गर्नुबाट इस्लामले रोकेको छ, र जसलाई नराम्रो भनेछ, र जसलाई वर्जित गरेको छ । ( लिसनुल् अरब )

# सत्कर्मतर्फ आव्हान गर्नु र कुकर्मबाट रोक्नुको महत्व

अल्लाह तआलाले सदाचारीहरूको विशेषता मध्ये सत्कर्मतर्फ बोलाउनु र कुकर्मबाट मनाही गर्नुलाई कुरआनमा वर्णन गरेछ, र भनेछ कि यो कार्य सदाचारीहरूको अति उत्तम कार्य र विशेषताहरू मध्ये अति उत्तम विशेषता हो । अल्लाहको फर्मान छ :
अर्थ : यिनीहरू अल्लाहमाथि र आखिरतको दिनमा आस्था पनि राख्दछन् र सत्कर्म गर्न भन्दछन् र दुष्कर्मबाट मनाही गर्दछन् र सदाचारतिर अग्रसर हुन्छन् । यिनी सदाचारी मध्येका हुन् । ( सूरतु आले इम्रान ११४ )

र अबू हामिद अल् गजाली यसको महत्वलाई वर्णन गर्दै भन्नु हुन्छ कि यो धर्मको ठूलो आधारशीला हो, र यसैलाई प्रचलित गर्नुको लागि समस्त संदेष्टाहरू यस संसारमा पधारे, यदि यसलाई प्रचलित गरिएन भने अज्ञानता, उदण्डता, हत्या हिंसा, बलात्कार, विद्रोह.....आदिबाट सम्पूर्ण संसार नष्ट भइहाल्छ र समस्त मानवजातिको अन्त भइजान्छ ।

र यसको महत्वबारे रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : अल्लाहका सीमाहरूलाई कार्यरत गर्नेहरू र त्यसको उल्लंघन गर्नेहरूको उदाहरण यस्तै छ कि एउटा समूह एउटा नौका ( डुंगा )मा सवार भए, त कसैलाई नौकाको माथिल्लो भागमा स्थान मिल्यो त कसैलाई नौकाको तल्लो भागमा, तर जब तल्लो भागमा भएकाहरूलाई तिर्खा लाग्थ्यो त माथि गएर पानी खानु पर्थ्यो अनि उनी मध्ये कसैले भन्यो यदि हामी माथि भएका मान्छेहरूलाई कष्ट नदिई नौकामा प्वाल पारेर पानी खाएँ भने अति उत्तम हुनेछ, र माथि भएकाहरूलाई कष्ट पनि हुने छैन, त यदि सबै जनाले ति बुद्धिहीनहरूलाई यस्तो गर्न दिए भने सबै डुबी मर्नेछन्, तर यदि उनीहरूलाई प्वाल पार्नुबाट रोके भने सबै बाँच्ने छन् । (बुखारी हदीस नं.२३१३)
त यस हदीसबाट यो प्रष्ट हुन्छ कि हामीले यस कार्यलाई छाड्नु हुन्न बरु निरंत्रताले भलाई तर्फ आव्हान गर्नु र बुराईबाट रोक्नु हाम्रो परम् कर्तव्य हो । यदि हामीले यसलाई छाड्यौं भने समस्त मानवजातिको विनाश अवश्य हुनेछ ।

## सत्कर्मतर्फ आव्हान गर्नु र कुकर्मबाट रोक्नुका थरिहरू

**१- जुन अल्लाहका हकसित सम्बंधित होस् ।** जस्तो कि नमाज पढनुको आदेश दिनु, मदिरा सेवनबाट रोक्नु....आदि ।
**२- जुन मनुष्यको हक अधिकारसित सम्बन्धित होस् ।** जस्तो कि कुनै मान्छे आफ्नो छिमेकीको हक हनन् गर्छ वा त्यसको श्रीमती माथि नराम्रो दृष्टि राख्छ भने त्यसलाई यसबाट रोक्नु .....आदि ।
**३- जुन अल्लाह र मनुष्य दुवैको हकसित सम्बंधित होस् ।** जसरी गाली गलोज गर्नुबाट रोक्नु, धोका, बलात्कार, व्यभिचारबाट रोक्नु, एक आर्काको बुराई गर्नुबाट रोक्नु, जसले आफ्नो जनावरलाई पर्याप्त चारा दिंदैन त्यसलाई सम्भाउनु ....आदि ।

## सत्कर्मतर्फ आव्हान गर्नु र कुकर्मबाट रोक्नुमाथि कुरआन र हदीसबाट प्रमाणहरू

अल्लाहको फर्मान छ :
अर्थ : (मोमिनहरू !) मानिसहरूका लागि पैदा गरिएको सबै सम्प्रदायहरू मध्ये तिमीहरू  सबैभन्दा उत्तम हौ किनकी सत्कर्म गर्न भन्दछौ र दुष्कर्मबाट टाढा रहन सिकाउँदछौ र अल्लाहमाथि आस्था राख्दछौ र यदि अहले किताबले पनि आस्था राखेको भए तिनीहरूको निम्ति धेरै राम्रो हुने थियो । तिनीहरू मध्ये ईमानवालहरू पनि छन् र धेरै जसो अवज्ञाकारीहरू छन् । ( सूरतु आले इम्रान ११० )
आर्को आयतमा अल्लाहको वर्णन छ :

अर्थ : यिनीहरूले जति सत्कर्म गर्दछन् त्यसको उपेक्षा गर्नु हुँदैन । र, अल्लाह आत्म संयमीहरूलाई राम्ररी जान्छ । ( सूरतु आले इम्रान ११५ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

अर्थ : तिनीहरूका धेरै जसो गोप्य छलफलमा भलाई छैन । तर हो, त्यस मानिसको सरसल्लाहमा छ, जसले दान वा असल काम वा आपसमा मेलमिलापको कुरा गर्दछ, जसले अल्लाहको प्रसन्ताको लागि यो काम गर्दछ भने हामीले त्यसलाई ठूलो पुरस्कार प्रदान गर्ने छौं । ( सूरतुन् निसा ११४ )

र आर्को आयतमा छ :

अर्थ : तिनीहरूका सन्तहरूर धर्मगुरुहरूले तिनीहरूलाई झूठ कुरा गर्न र हराम खानाबाट किन मनाही गरिराखेका छैनन् ? तिनीहरूले जे गरिराखेका छन् त्यो निःसन्देह नराम्रो काम हो । ( सूरतुल् माइदः ६३ )

र आर्को आयतमा अल्लाहको फर्मान छ :

अर्थ : भनिदिनुस् कि हे अहले किताब ! आफ्नो धर्मको बारेमा अनाहक थपघट गर्ने नगर र यस्ता मानिसहरूको इच्छापूर्ति पछि नलाग जो स्वयम् पनि अघिनै मार्ग बिचलित भए र अरु धेरैलाई पनि पथ बिचलित गरिसकेका छन् । र सही बाटोलाई छोडि सकेका छन् । ( सूरतुल् माइदः ७७ )

र आर्को आयतमा छ :

अर्थ : र अल्लाहले जुन कुराहरू तिमीलाई प्रदान गरेको छ, ती मध्ये हलाल र राम्रो रोजी ग्रहण गर र अल्लाहसित डर मान्ने गर जसमा तिम्रो विश्वास छ । ( सूरतुल् माइदः ८८ )

र सूरतुल अअ्राफमा अल्लाहको भनाई छ :

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी (निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल (स्वीकार्य) बताउँछन् र अपवित्र

कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरू माथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ । यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन् । ( सूरतुल अअ्राफ १५७ )

र आर्को आयतमा अल्लाहको कथन छ :

अर्थ : र जब तिनीहरूको एक समूहले यस्तो भन्योः कि "तिमी यस्ता मानिसहरूलाई किन उपदेश दिन्छौ, जसलाई अल्लाह नष्ट गर्नेवाला छ, वा जसलाई कठोर यातना दिनेवाला छ ?" उनले भने : "तिम्रो पालनकर्ता समक्ष आफूलाई निरपराध सिद्ध गर्नको निम्ति, र यसकारण कि कदाचित यिनीहरू डर मानुन् ।" अनि जब तिनीहरूले त्यो कुरा बिर्सिहाले जुन कुरा उनलाइ सम्झाइएको थियो, त हामीले उनीहरूलाई त बचाइहाल्यौं जसले नराम्रो कुराबाट रोक्दथे, र अत्याचारीहरूलाई उनको अवज्ञाको कारणले कठोर यातनामा जकडिहाल्यौं । अर्थात जब उनीहरू त्यसमा सीमा उल्लघंन गरे, जुन कुराबाट उनीहरूलाई मनाही गरिएको थियो, त हामीले उनीहरूसित भन्यौं, तिमी अपमानित र तिरस्कृत बाँदर भई हाल ।" ( सूरतुल् अअ्राफ १६४-१६६ )

र सूरतुत्तौबःमा अल्लहको भनाई छ :

अर्थ : मोमिन पुरुष, स्त्रीहरू परस्पर एक–अर्काका सहायक र मित्र हुन् उनीहरूले राम्रा कुरा गर्न भन्दछन् र नराम्रा कुराबाट रोक्दछन् । नियमित नमाज़ पढदछन्, जकात दिन्छन्, अल्लाह र उसका रसूलको आज्ञा पालन गर्दछन् । यी तिनै मानिस हुन्, जसमाथि शीघ्र नै अल्लाहले दया गर्नेछ । निःसन्देह अल्लाह सर्वशक्तिशाली, तत्वदर्शी छ । अल्लाहले यी मोमिन् पुरुषहरू र मोमिन् स्त्रीहरूसित स्वर्गको वचन दिएको छ जसमुनि नहरहरू

बगिराखेका हुनेछन्, जसमा उनीहरू सधैं बास गर्नेछन् र पवित्र निवास गृहहरूको पनि (वादा) छ, जुन समाप्त नहुनेवाला जन्नतमा छन् र अल्लाहको प्रसन्नता सबभन्दा ठूलो कुरा हो, यही नै सबभन्दा ठूलो सफलता हो । ( सूरतुत्तौबः ७१,७२ )
र आर्को आयतमा वर्णन छ :
अर्थ : प्रायश्चित गर्नेहरू, उपासना गर्नेहरू, (अल्लाहको) प्रशंसा गर्नेहरू, उपवास बस्नेहरू, (अथवा सत्मार्गमा यात्रा गर्नेहरू) रुकूअ् गर्नेहरू, ढोगनेहरू सतकर्मको उपदेश दिनेहरू र दुष्कर्मबाट रोक्नेहरू, अल्लाहका सीमाहरूको (अल्लाहले निर्धारित गरेको सीमा) रक्षा गर्नेहरू (मोमिन हुन्) र हे मोहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) मोमिनहरूलाई स्वर्गको शुभ सन्देश सुनाइ दिनुस् । ( सूरतुत्तौबः ११२ )
र आर्को सूरतमा यस कार्यलाई गर्नेहरूको प्रशंसा गर्दै अल्लाहको फर्मान छ :
अर्थ : यी ती मानिसहरू हुन् कि यदि धरतीमा हामीले उनीहरूलाई सत्ता प्रदान गर्दछौं भने उनीहरू नमाज कायम गर्नेछन् र जकात दिनेछन् र भलाईको आदेश गर्नेछन् र नराम्रो कामबाट रोक्नेछन् र सबै कुराहरूको अन्तिम परिणाम अल्लाहको हातमा छ । ( सूरतुल् हज्ज ४१ )
र सूरतुल् अस्रमा छ :
अर्थ : समय (युग) को क़सम । वास्तवमा मानिसहरू पूरै घाटामा छन् । ती मानिसहरू बाहेक, जसले ईमान ल्याए र असल कर्म गरिरहे र (जसले) आपसमा सत्य कुराको आग्रह र एक अर्कालाई धैर्यको ताकेदा गरिरहे । ( सूरतुल् अस्र १-३ )
र यस जस्तै अरु आयतहरू छन् जसबाट यो प्रमाण मिल्छ कि यो कार्य कति महत्वपूर्ण र भाग्यवानीको कुरो हो ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : अबूहुरैरहबाट वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जसले सुमार्ग तर्फ आमन्त्रित गऱ्यो

त्यसलाई त्यस्तै प्रतिफल ( पुण्य ) मिल्ने छ जस्तो कि त्यस कार्यलाई गर्ने मान्छेलाई पुण्य मिल्ने छ र आमन्त्रणकारीको पुण्यले आमन्त्रण गरिएका मान्छेको पुण्यमा कुनै कमी गर्दैन, र जसले कसैलाई कुकर्मतर्फ आमन्त्रित गऱ्यो त त्यसलाई त्यस्तै पाप लाग्ने छ जस्तो कि पाप गर्ने मान्छेलाई, र आमन्त्रणकर्ताको पापले पाप गर्ने व्यक्तिको पापमा कुनै कमी गर्दैन । ( मुस्लिम )

अर्थात : जसले पुण्यतर्फ बोलाउँछ त्यसलाई पनि त्यस्तै पुण्य मिल्नेछ जस्तो कि पुण्य गर्ने मान्छेलाई मिल्नेछ र यो पुण्य सुकर्म गर्ने मान्छेको पुण्यमा कुनै कमी पार्दैन । र यदि कसैले कसैलाई कुकर्म एवं दुष्कर्मतर्फ आमन्त्रित गर्छ भने त्यसलाई पनि त्यस्तै दण्ड मिल्ने छ जस्तो कि गर्नेलाई दण्डित गरिनेछ । आमन्त्रणकर्तालाई यस कारण दण्ड मिल्नेछ कि यदि त्यसले यो दुष्कर्मतर्फ नबोलाएको भए निर्दोष मान्छेहरू यसतर्फ लनग्ने थिएनन् , र दुष्कर्मीलाई यस कारण दण्ड मिल्नेछ कि अल्लहले त्यसलाई सुकर्म र कुकर्ममा फर्क गर्नेवाला बुद्धि प्रदान गरेको थियो अनि त्यसले राम्रो नराम्रोमा फर्क किन गरेन र दुष्कर्मतर्फ किन लाग्यो ।

र आर्को हदीसमा अबू सईद खुदरी रजीअल्लाहो अन्होबाट वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : मार्गहरूमा बस्नुबाट बच, त उहाँका साथीहरूले भने : हे अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लम हामी त त्यहाँ बसेर मात्र कुराकानी नै गर्छौं अरु केही त गर्दैनौं, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : यदि तिमीहरू बटोमा नबस्नुबाट पन्छन्छौ भने बाटोको हक पूरा गर, त उहााका साथीहरूले भनेः हे अल्लाहको रसूल बाटोको हक के हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : बाटोको हक यो हो कि तिमीहरू आफ्नो दृष्टिलाई तल राख्नु, र बाटोबाट कष्टदायक वस्तुलाई हटाइदिनु, र सलामको

जवाफ दिनु, र सत्कर्मको आदेश गर्दैरहनु, र कुकर्मबाट रोक्दैरहनु । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छः

अर्थ : हजरत हुजैफा रजीअल्लाहो अन्होबाट वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि : इस्लामका आठ भागहरू छन्, इस्लाम एउटा भाग हो, र नमाज आर्को भाग हो, र जकात तेस्रो भाग हो, र कअ्बाको परिक्रमा गर्नु चौथो भाग हो, र सत्कर्मको आव्हान गर्नु पाँचौ भाग हो, कुकर्मबाट रोक्नु छठौं भाग हो, र अल्लाहको मार्गम धर्मयुद्ध गर्नु सातौं भाग हो, र त्यसको विनाश भयो जसको लागि कुनै भाग नै छैन । ( रवाहुल् बैहकी फी शअ्बील ईमान )

र यस जस्ता अरु हदीसहरू लेखकले मूल किताबमा वर्णन गरेका छन् जुन यस कार्यको महत्व र हाम्रो समाजको सुधारको लागि यस कार्यको भूमिकालाई प्रष्ट गर्छन् ।

# सत्कर्मतर्फ आमन्त्रण गर्ने र कुकर्मबाट रोक्ने मान्छेमा प्रमुखरूपले पाइने केही महत्वपूर्ण विशेषताहरूको विवरण

शैख इब्ने बाज रहेमहुल्लाह भन्नु हुन्छ कि : सफल आव्हानकर्ता र आमन्त्रणकर्ता त्यो नै हो जुन आफ्नो कुरालाई कुरआन हदीस वा कुनै अरु प्रमाणद्वारा प्रमाणित गरोस् । र कुनै कष्ट परेमा संयम राखोस्, र आफ्नो कार्यमा निरंत्रताले अग्रसर रहोस्, चाहे यस कार्यलाई कार्यन्वयन गर्नुमा जति पनि कष्ट आओस् । र कतिपय मान्छेहरू यस्तो कार्य गर्नेहरूलाई नराम्रो उपाधि दिई उनीहरूको उपहास गर्छन्, र कतिले त उनीलाई गाली पनि गर्छन् तर यस्ता कुराहरूबाट दुःखी नभई आफनो कार्यमा अग्रसर रहनु नै सफलताको रहस्य हो । र यस कार्यलाई कार्यन्वयन गर्नुको लागि जति पनि माध्यम र साधन एवं विकल्पहरू प्रयोग गर्न सक्छ भने सबैलाई प्रयोग गरोस् । यस्तै आफनो कुरालाई सर्वसाधारण सम्म विनम्रता पूर्वक पुगाओस्, र ज्ञान नभएको कुरा नभनोस्........आदि । ( मजमूअ् फतावा वमकालात इब्ने बाज )

आमन्त्रणकर्ता मित्र केही विशेषताहरू अति उत्तम रूपले हुनु अनिवार्य छ, त्यो नभएको खण्डमा त्यसको यो कार्य सफल हुँदैन, त्यस मध्ये केही महत्वपूर्ण विशेषताहरू निम्न हुन् ।

❁ त्यो आफ्नो यो कार्य केवल अल्लाहको प्रसन्नता पाउनको लागि गरोस् ।

❁ यो कार्य गर्नुको लागि यसको बारेमा ज्ञान हुनु अति अवश्यक छ ।

❁ त्यो मान्छे शुद्ध आचरणवाला र नैतिकतामा सर्वोत्तम होस् ।

❁ त्यो मान्छेमा धरोहरता अति उत्तम होस् ।

❁ त्यो मान्छे सत्यवान र निष्ठावान होस् ।
❁ त्यो मान्छे संयमी होस् ।
❁ त्यो कुरा गर्नुमा अति उत्तम होस् ।
❁ त्यो न्याय गर्नेवाला र न्यायलाई मनपराउनेवाला होस् ।
❁ त्यो अरु मान्छेहरूको लागि आदर्श होस् ।
❁ त्यसमा दयाभाव अति उत्तम मात्रामा होस् ।
❁ मात्र अल्लाहसित भयत्रास खानेवाला होस् .....आदि ।

उप्रोक्तमा वर्णन गरिएका विशेषताहरू यस कारण जरुरी छन् कि यदि यो विशेषताहरू आमन्त्रणकर्तामा पाइन्न भने त्यसको यो कार्य प्रभावहीन हुनेछ र त्यो मान्छे आर्को मान्छेहरू माथि प्रपाव पार्न सक्दैन, र दोस्रो कुरो के छ भने यदि त्यसको उद्देश्य राम्रो छैन भने त्यसलाई पुण्य पनि मिल्ने छैन, केही उदाहरणद्वारा यो कुरालाई प्रष्ट पार्न प्रयास गर्छु ।

❁ यदि यस कार्यलाई कुनै मान्छे मात्र सांसारिक लाभ पाउनको लागि र माया जालमापरि गर्छ भने त्यसलाई पुण्य पनि मिल्दैन र त्यसको यो कार्य प्रभावशाली पनि हुँदैन, अनि त्यसको सबै प्रयास विफल भइहाल्छ, र त्यसलाई न त संसारमा कुनै लाभ मिल्छ न त परलोकमा नै कुनै लाभ मिल्ने छ ।

❁ जुन कार्य त्यो गर्ने योजना बनाएछ त्यसको ज्ञान पनि हुनु पर्‍यो, यदि पूर्ण ज्ञान नभएको खण्डमा त्यो कुबाटोतर्फ आमन्त्रित गर्न सक्छ । यदि मान्छेलाई यो थाहै छैन कि मलाई के गर्नुछ भने त्यो त्यस कार्यलाई कसरी गर्न सक्छ । अल्लाहको फर्मान छ :

अर्थ : त्यो व्यक्ति जसले रातको समयमा सजदा (उपासना) गर्दछ र उपासनामा उभिरहन्छ, आखिरतसित डर्छ र आफ्नो पालनकर्ताको दयाको आशा राख्दछ त्यो र यसको विपरीत गर्नेवाला के बराबर हुन सक्दछन् ? भन कि “के उनीहरू जो ज्ञानी छन् र उनीहरू जो अज्ञानी छन् दुवै समान हुनेछन् ?

निश्चित रूपले शिक्षा त तिनैले ग्रहण गर्छन् जो बुद्धिवाला (सक्षम) छन् ।'' (सूरतुज्जुमर ९)

त कम्तीमा त्यसलाई इस्लामीय विधानको ज्ञान हुनु पर्‍यो ।

❁ ज्ञानको साथ साथै सत्यनिष्ठ हुनु अति अवश्यक छ र सत्यलाई सत्य भन्नु र असत्यलाई असत्य ठान्नु जरुरी छ । यदि मान्छे सत्यवान छैन भने यस संसारमा को छ जुन त्यसका कुराहरूमा विश्वास गर्छ, सबै भन्छन् कि यो त महाभूठ्ठा छ यसको कुरालाई के सुन्नु, के थाहा यो कुरो पनि भूठ नै होस् । अर्थात भूठ बोल्ने मान्छेको सत्यलाई पनि भूठ नै ठानिन्छ यसै कारण सत्यनिष्ठ हुनु अति अवश्यक छ । र दोस्रो कुरो के छ भने कतिपय जनालाई ज्ञान त हुन्छ तर उनी सत्यलाई लुकाई असत्यलाई समर्थन गरिहाल्छन् अनि यस्तो ज्ञानले के लाभ, यसै कारण आमन्त्रणकर्तालाई सत्यवान हुनु अति आवश्यक छ ।

यसै कारण आमन्त्रणकर्ता आफू भित्र ती सबै वर्णन गरिएका विशेषताहरूको सृजना गरोस् र ती सबै क्रियाकलापबाट टाढा रहोस् जुन अमानवीय छन् ताकि त्यसको यो कार्य सफल होस् र यसबाट त्यसलाई लोक परलोकमा लाभ प्राप्त होस् र कियामतको दिन त्यो सबैको सामुन्ने प्रशंसा योग्य बनोस् ।

# सत्कर्मतर्फ आमन्त्रण गर्नु र कुकर्मबाट रोक्नुका लाभहरू

❁ यस कार्यद्वारा आफ्नो कर्तव्यको पालना गर्नु हुनेछ जुन हामीहरू मथि अनिवार्य गरिएको छ। अल्लाहको फर्मान छ :

अर्थ : र जब तिनीहरूको एक समूहले यस्तो भन्योः कि "तिमी यस्ता मानिसहरूलाई किन उपदेश दिन्छौ, जसलाई अल्लाह नष्ट गर्नेवाला छ, वा जसलाई कठोर यातना दिनेवाला छ ?" उनले भने : "तिम्रो पालनकर्ता समक्ष आफूलाई निरपराध सिद्ध गर्नको निम्ति, र यसकारण कि कदाचित यिनीहरू डर मानुन्।" ( सूरतुल् अअ्राफ १६४ )

❁ यस कार्यद्वारा अल्लाहको प्रमाणलाई सर्वसृष्टिमाथि प्रमाणित गर्नु हो। अल्लाहको फर्मान छ :

अर्थ : हामीले उनीलाई रसूल बनायौं। सुसमाचार सुनाउने र सावधानकर्ता ताकि पैगम्बरहरूको आगमन पछि मानिसहरूलाई अल्लाहमाथि दोष लगाउने मौका र विवाद न होस् र अल्लाह सर्वशक्तिमान र तत्वदर्शी हो। ( सूरतुन् निसा १६५ )

❁ यस कार्यद्वारा हामी अल्लाहको आभार एवं कृतज्ञता प्रकट गर्छौं, जसबाट अल्लाह हामीसित प्रसन्न हुन्छन् र हामीलाई आफ्नो विशेष अनुग्रहबाट अनुकम्पा प्रदान गर्छन्।

❁ यस कार्यद्वारा हामीलाई पुण्य प्राप्तिको साथ साथै स्वर्ग प्राप्तिको पनि आशा हुन्छ।

❁ यस कार्यद्वारा हाम्रो अज्ञानतामा गरेका पापहरू नाश भइहाल्छन्। अल्लाहको फर्मान छ :

अर्थ : दिनको दुवै भागमा (प्रातः र सन्ध्या) नमाज़ पढ्ने गर, र रातीको केही बेलामा पनि। निःसन्देह सत्य कर्महरूले गुनाहहरूलाई खतम पारिदिन्छन्। यो तिनीहरूको निम्ति पाठ हो जो पाठ स्वीकार गर्नेवाला छन्। ( सूरतु हूद ११४ )

❁ यस कार्यद्वारा हामी लोक परलोकका कष्टहरूबाट मुक्त भइहाल्छौं, र अल्लाहका प्रकोपहरूबाट सुरक्षित भइहाल्छौं । अल्लाहको कथन छ :

अर्थ : र तिम्रो पालनकर्ता यस्तो छैन कि, कुनै बस्तीहरूलाई अकारण नष्ट गरिहालोस्, जब कि त्यहाँका बासिन्दाहरू सुकर्ममा लागी रहुन् । ( सूरतु हूद ११७ )

❁ यो कार्य रसूलहरूको कार्य हो, यसलेगर्दा हामीलाई संतुष्टि हुन्छ कि हामी रसूलहरूको कार्यमा कार्यरत छौं अनि अति शान्तिको आभास हुन्छ । र हामी यो आशा गर्छौं कि अल्लाह हामीलाई पनि त्यस्तै अनुकम्पा प्रदान गर्छ जसरी आफ्ना प्रिय रसूलहरूलाई प्रदान गर्‍यो, र हामीमाथि पनि उस्तै दया गर्नेछ जस्तो कि आफ्ना रसूलहरू माथि गर्‍यो ।

❁ यस कार्यद्वारा धर्मको प्रचार हुन्छ, र सत्य आस्थाको सुरक्षा हुन्छ । र समाजमा विगार उत्पन्न हुँदैन, देश र समाजको कल्याण हुन्छ, न्यायको विजय हुन्छ र अन्याय र अत्याचार परास्त हुन्छ । अल्लाहको फर्मान छ :

अर्थ : तसर्थ जो क़ौम तिमी भन्दा अघि बितिसकेका छन्, तिनीहरूमा यस्ता बुद्धिमानी किन भएनन्, जसले कि मुलुकमा उपद्रव हुन बाट रोक्दथे, हो, केही (थिए), जसलाई हामीले तिनीहरू मध्येबाट बचायौं र जो अत्याचारी थिए, यिनै कुराको पछाडि लागि रहे, जसमा कि तिनीहरूलाई आनन्द र विलासिता दिइएको थियो, र तिनीहरू अपराधी थिए । र तिम्रो पालनकर्ता यस्तो छैन कि, कुनै बस्तीहरूलाई अकारण नष्ट गरिहालोस्, जब कि त्यहाँका बासिन्दाहरू सुकर्ममा लागी रहुन् । यदि तिम्रो पालनकर्ताले चाहेको भए थुप्रै मानिसहरूलाई एउटै बाटोमा एउटै समूह बनाउने थियो तर तिनीहरूले सँधै विवाद गरिराख्ने नै छन् । तर ती बाहेक जसमाथि तपाईको पालनकर्ताले कृपा गरोस् र यसैले उसले यिनीहरूलाई सृष्टि गरेको छ, र तिम्रो पालनकर्ताको यो वचन पूरा भइसकेको छ,

कि म नर्कलाई जिन्न र मानिसहरूबाट भरिदिनेछु। ( सूरतु हूद ११६- ११९ )

र सूरतुल् हज्जमा अल्लाहको वर्णन छ :

अर्थ : यी ती मानिसहरू हुन् जसलाई आफ्ना घरहरूबाट बिनाकारण निकालियो, मात्र यस कुराको लागि कि तिनीहरू भन्छन् कि "हाम्रो पालनकर्ता अल्लाह हो।" यदि अल्लाहले मानिसहरूलाई एक अर्कोबाट नहटाइराखेको भए उपासना स्थलहरू गिर्जा र मस्जिद, यहूदी प्रार्थना भवन र ती मस्जिदहरू पनि ढालिने थिए जसमा अल्लाहको बेसरी नाम लिइन्छ। अल्लाहले अवश्य नै उसको सहायता गर्ने छ, जसल उसको सहायता गर्दछ निश्चय नै अल्लाह ठूलो बलशाली सर्वशक्ति सम्पन्न छ। यी ती मानिसहरू हुन् कि यदि धरतीमा हामीले उनीहरूलाई सत्ता प्रदान गर्दछौं भने उनीहरू नमाज कायम गर्नेछन् र जकात दिनेछन् र भलाईको आदेश गर्नेछन् र नराम्रो कामबाट रोक्नेछन् र सबै कुराहरूको अन्तिम परिणाम अल्लाहको हातमा छ। ( सूरतुल् हज्ज ४०,४१ )

❁ यस कार्यको कार्यन्वयन गर्नाले अल्लाहको दया र करुणाको वर्षा हुन्छ, र हाम्रो जीविकामा वृद्धि हुन्छ। अल्लाहको फर्मान छ :

अर्थ : र यदि तिनीहरू तौरात र इन्जीललाई र जुन ( किताबहरू) तिनका पालनकर्ताबाट तिनलाई प्रदान गरिएको छ तिन प्रति प्रतिवद्ध भएको भए तिनीहरूले आफ्नो माथिबाट र तलबाट पनि खाद्य सामग्रीहरू पाउने थिए, यिनीहरू मध्ये एउटा समूहल मध्यमार्ग अपनाउने वाला छन् र धेरै जसोका कर्महरू नराम्रा छन्। ( सूरतुल् माइदः ६६ )

❁ यस कार्यबाट हामी न्यायकर्ताहरूको समर्थन गर्छौं र अन्यायी एवं अत्याचारीहरूको विरोध गर्छौं।

❁ यसको कारणले अल्लाह हाम्रो सहायता गर्छन्, र यस जस्ता अरु फाइदाहरू छन्।

# सत्कर्मतर्फ आमन्त्रण नगर्नु र कुकर्मबाट नरोक्नुका हानिहरू

❁ यस कार्यलाई कार्यन्वयन नगरेमा अल्लाहको क्रोधका पात्र बन्छौं, र अल्लाह हामीमाथि भयंकर प्रकोप अवतरित गरिदिन्छन् ।

❁ कुकर्मबाट मनाही नगरेको खण्डमा अन्यायी अत्याचारी, बलात्कारी व्यभिचारीलाई प्रोत्साहन मिल्छ र उनीहरूको संख्या दिनप्रतिदिन बढदै जान्छ, अनि एक समय यस्तो आउँछ जब समाजमा कुनै भद्रपुरुष र सज्जन मानिस भेटिदैन । यसै कारण कुकर्मको विरोध गर्नु अति आवश्यक छ ।

❁ कुकर्मबाट नरोक्नु अज्ञानतालाई समर्थन गर्नु सरह हो, र सिक्षालाई मेटाउनु हो ।

❁ कुकर्मबाट मनाही नगर्नुको अर्थ हो सबैलाई कुकर्मतर्फ आमन्त्रित गर्नु , र सुकर्मीहरू माथि अत्याचार गर्नु ।

❁ यदि कुकर्मबाट रोक्नु हुन्न भने सुकर्म र कुकर्ममा जुन अन्तर छ त्यो मेटिहाल्छ, अनि कुकर्म सुकर्म भइहाल्छ । किनकी सुकर्म कसैलाई स्पष्टरूपले थाहै हुँदैन अनि संसारको संतुलन नै विगर्छ र समस्त संसारको विनाश भइहाल्छ ।

❁ यदि कुकर्मबाट न रोकियोस् भने कसैको इज्जत आबरु सुरक्षित रहदैन, र कसैको हक अधिकार, माल सम्पत्ति सुरक्षित रहदैन । र छोरीको बलात्कार हाम्रो आँख सामुन्ने गरिन्छ र हामी केही गर्न सक्दैनौं । समृद्ध गरीबको हक हनन् गर्छ र हामी मात्र हेरेर अआफ्ना मुख फर्काई बस्छौं । तर्सथ कुकर्मलाई कुकर्म मान्नु र त्यसको विरोध गर्नु अति जरुरी छ, नत्र हाम्रो अधिकार इज्जत सम्मान केही पनि सुरक्षित बाँच्दैन । र यस जस्ता अरु हानिहरू छन् जुन यस कार्यलाई कार्यन्वयन नगरे पश्चात उत्पन्न हुनेछन् ।

# पठकहरूसित अनुवादकको सादर अनुरोध

उप्रोक्तका ज्ञानवर्धक कुराहरूबाट हामीलाई यो थाहा हुन्छ कि सत्कर्मको आदेश गर्नु र कुकर्मबाट रोक्नु अति अवश्यक छ र यो नै संदेष्टाहरूको मूल सन्देश थियो ।

हे मानवगण ! अल्लाहलाई एक मान्नु र मात्र उसैको पूजा अराधना गर्नु र उसको साथ कसैलाई साझी नबनाउनु नै सबै भन्दा सर्वोत्तम सत्कर्म हो । र बहुदववादमा आस्था राख्नु र अल्लाहको साथ कसै आर्कोलाई पनि पूजा अराधना गर्नु सबै भन्दा घृणित कुकर्म हो । यसै कारण अल्लाहले सत्कर्मतर्फ बोलाउनु र कुकर्मबाट रोक्नुलाई सूरतुत्तौबःमा नमाज कायम गर्नु र जकात दिनुमाथि प्राथमिकता र प्रधानता दिएको छ । किनकी नमाजको र जकातको संलग्नता मात्र मान्छेसित छ तर सत्कर्म र कुकर्मको संलग्नता समाज र संसारसित छ तर्सथ यसबाट समाज र संसार दुवैको विनाश हुने संभावना छ । अल्लाहको फर्मान छ :

अर्थ : मोमिन पुरुष, स्त्रीहरू परस्पर एक–अर्काका सहायक र मित्र हुन् उनीहरूले राम्रा कुरा गर्न भन्दछन् र नराम्रा कुराबाट रोक्दछन् । नियमित नमाज़ पढदछन्, जकात दिन्छन्, अल्लाह र उसका रसूलको आज्ञा पालन गर्दछन् । यी तिनै मानिस हुन्, जसमाथि शीघ्र नै अल्लाहले दया गर्नेछ । निःसन्देह अल्लाह सर्वशक्तिशाली, तत्वदर्शी छ । ( सूरतुत्तौबः ७१ )

तपाईले हेर्नु भयो कि अल्लाहले यस कार्यलाई नमाज र जकातमाथि प्रधानता प्रदान गरेको छ किनकी यसलाई कार्यन्वयन नगर्दा समाजमा विगार उत्पन्न हुनेछ र अल्लाहको प्रकोप अवतरित हुनेछ, अनि सर्वनाश हुनेछ । आज हामीमाथि जति पनि कष्टहरू अवतरित भइरहेछन् त्यो मात्र हाम्रो कुकर्मको फल हो, कुनै ठाउँमा अन्नकालको प्रकोप छ त कुनै

ठाउँमा बाढीको, कुनै ठाउँमा भूकम्पको प्रकोप छ त कुनै ठाउँमा हुरीबतासको,....... अर्थात यो सबै सजाय हामीमाथि किन अवतरित भइरहेछन् ?

किनकी हामीले यस महत्वपूर्ण कार्यलाई छाडी सकेका छौं, कुकर्मीहरूको विरोध गर्दैनौं, सुकर्मीहरूको समर्थन गर्दैनौं । र सुकर्मीहरू बिलाप गरिरहेका छन् र कुकर्मीहरू अआफ्ना अत्याचारमा मस्त छन् । व्यभिचार, बलात्कार, अत्याचार, उदण्डता, हत्या, हिंसाको बजार तताएको छ , एक अल्लहलाई छाडी अनेकौं मिथ्या उपास्यहरूको पूजा भइरहेको छ, सत्मार्ग कुमार्गसित मिश्रित भई सकेको छ , छलकपट, धोका, भूठलाई हाम्रो समाजमा कुकर्म नै बुभिन्न बरु त्यसलाई कला एवं शीप जस्ता नामले सम्बोधन गरिन्छ । अनि यस्तो अवस्थामा हामीमाथि अल्लाहको प्रकोप अवतरित नहोस् त के होस्, हाम्रो माल सम्पत्ति र इज्जत सम्मानको हनन् किन नहोस् । हामीले आफै आफूमाथि अल्लाहको प्रकोपलाई आमन्त्रित गरेका छौं अनि किन चिचाउनु हुन्छ र किन गुहार्नु हुन्छ । एउटा उखान छ जस्तोको त्यस्तै र अरबीमा उखान छ “कमा तोदीन तोदान” अर्थात जस्तो गर्नु हुनेछ त्यस्तै पाउनु हुनेछ । के कुनै मूर्ख यो भन्ने आँट गर्न सक्छ कि कुनै मान्छे आलूको खेती गरी गहुँ काट्छ, यो कदापि हुन सक्दैन । त हे भाइ आफ्नो कर्तव्यलाई पहिचान र यस कार्यलाई आरम्भ गरी अल्लाहको उदार अनुग्रहको पात्र बन ।

हे भाइहरू ! हामी अल्लाहलाई छाडी संसारका मान्छेहरूलाई गुहार्छौं को छ जुन तिम्रो गुहार सुनोस् ? कुन छ जुन तिम्रो कष्टलाई हटाओस् ? कुन छ जुन तिम्रो जीविकामा वृद्धि गरोस्, तिम्रो विरामीलाई संचो गरोस्, तिमीलाई संतान प्रदान गरोस् ? छ कुनै राजा, मन्त्री, पुजारी, धर्मगुरु.....?

हे भाइ त्यस अल्लाह बाहेक कोही छैन जुन तपाईहरूको मनोकामना पूर्ण गरोस् । तर्सथ अल्लाहका निर्देशनहरूको पालना गर अनि त्यो तिम्रो लागि आफ्नो अनुग्रह अवतरित

गर्छ, तिमीमाथि दया गरी तिम्रो समस्याहरूको समाधान गर्नेछ । हे भाइ त्यसको दया कुनै राजा, नेता, मन्त्री, राष्ट्रपतिको लागि विशेष छैन, यदि कसैको लागि विशेष छ भने त्यस व्यक्तिको लागि जुन उसका निर्देशनहरूको अनुशरण गर्छन्, र त्यसमाथि आस्था राख्नेवाला छन्, र उसको धर्म इस्लाममा विश्वास गर्नेवाला छन् ।

हे सर्वश्रेष्ठ जीवधारी ! आजदेखि नै सत्कर्मको आदेश गर र कुकर्मीहरूलाई अल्लाहको सजायबाट डराऊ, यदि सक्षम छौ भने यसलाई कार्यन्वयन गर्नुको निम्ति शक्तिको प्रयोग गर, जस्तो कि आफ्नो घरपरिवारमा, आफ्नो गाउँ शहरमा । र यदि यसमा सक्षम छैनौ भने सम्झाई बुझाई कुरा गरी यसको विस्तार गर, र कुकर्मको विरोध गर र सुकर्मको समर्थन गर । र यदि यसमा पनि सक्षम छैनौं भने कुकर्मलाई कुकर्म मान र सुकर्मलाई सुकर्म मान, जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : जसले पनि कुनै कुकर्म भइरहेको हेरोस् त त्यसलाई हातबाट रोकोस्, यदि यस कुरामा सक्षम छैन भने आफ्नो जिब्रोले भनेर रोकोस्, र यदि यस कुरामा पनि सक्षम छैन भने त्यसलाई आफ्नो हृदयमा कुकर्म ठानोस्, र यो सबै भन्दा निकृष्टतम् र तल्लो दर्जाको ईमान हो । ( मुस्लिम )

यो हदीस हामीलाई सिकाउँछ कि हामी जता पनि कुकर्मलाई हेरौं त्यसलाई तुरुन्तै रोक्ने प्रयास गरौं, यसैमा हाम्रो र समाजको कल्याण नीहित छ, यसो नगर्दा हामी सबै अल्लाहको सजायको भागीदार एवं पात्र बनिहाल्छौं ।

हे प्रिय भाइहरू ! यस महान कार्यलाई स्थगित गरे पश्चात अल्लाह हाम्रो दुआ याचनालाई कबूल गर्दैन र हाम्रो सहायता पनि गर्दैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्छन् कि अल्लाहको भनाई छ कि तिमीहरू सत्कर्मतर्फ आव्हान गर र कुकर्मबाट मनाही गर त्यो समय भन्दा अघि नै कि तिमीहरू मलाई पुकार र म कबूल नगरूँ, र तिमीहरू मसित माँग र म

तिमीहरूलाई नदिऊँ, र तिमीहरू मसित सहायताको प्रार्थना गर र म तिमीहरूको सहायता नगरूँ । ( सुनने इब्ने माजा, मुस्नद अहमद )

यो हदीस यस कुरालाई प्रष्ट पार्छ कि यस महान कार्यलाई स्थगित गर्दा हाम्रो याचना अल्लाहको दरबारमा स्वीकार्य हुँदैन र हाम्रो माँग पूर्ण गरिदैन, र हाम्रो सहायता पनि गरिदैन ।

हे भाइ हेर्नुस् ! आज हामी दुआ गरिरहेका छौं तर कुनै लाभ मिल्दैन , यस संसारमा सबै समूहहरू भन्दा दयनीय दशा मुसलमानहरूको छ, अल्लाह हाम्रो सहायता किन गर्दैन ? हामी नमाजमा रोईरोई प्रार्थना गर्छौं स्वीकार किन हुँदैन ? अनास्थावानहरू हामीमाथि अत्याचार गरिरहे छन् , संसारको कुनै देशमा हाम्रो मान सम्मान इज्जत आबरु धन सम्पत्ति सुरक्षित छैन, अनि अल्लाह हाम्रो शत्रु विरुद्ध हाम्रो सहायता किन गर्दैन ? कारण के हो ?

कारण मात्र यही हो कि हामीले आफ्नो अल्लाहका निर्देशनहरूलाई छाडी दिएँ, त्यसमाथि हाम्रो विश्वास कम्जोर भयो, हामी सत्कर्मको बाटोलाई बिर्स्यौं, र कुकर्ममा लिप्त भयौं, र कुरआन हदीसलाई आफ्नो पिठयुँ पछाडी फाल्यौं, पीर फकीर र झुठ्ठा मुल्वीहरूको कथनमा परी आफ्नो विनाश आफै गर्न थाल्यौं, यदि हामीले अल्लाहको भक्ति नै छाड्यौं भने त्यो हाम्रो याचना किन सुनोस्, हाम्रो सहायता किन गरोस् ।

हे भाइहरू ! अझै समय छ यदि तपाई अआफ्नो हक अधिकार माल सम्पत्ति मान सम्मानको सुरक्षा चाहनु हुन्छ भने सुमार्गलाई अपनाऊ, अल्लाहका निर्देशनहरूको पालना आजैदेखि आरम्भ गर, त्यस अल्लाहमाथि आफ्नो आस्थालाई सुदृढ पार, सत्कर्मतर्फ आफूलाई लगाऊ र अरुलाई पनि आमन्त्रित गर, र कुकर्मबाट आफूलाई र अरुलाई पनि बचाऊ, अनि तिम्रो याचना अवश्य कबूल हुनेछ, र तिम्रो सहायता पनि अवश्य हुनेछ, र तिमीहरूका समस्त समस्याहरूको समाधान पनि हुनेछ ।

हे भाइहरू ! आज हाम्रो समाजमा विगारलाई विगार मानिदैन छललाई कला मानिन्छ तर याद राख, जब रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई अल्लाहले अरबको रेगिस्तान (मरुस्थल)मा संदेष्टा बनाएर पठायो त त्यहाँका अनभिज्ञ अरबीहरूको अवस्था हामी जस्तै नै थियो, संसारको कुनै कुकर्म यस्तो थिएन जुन तिनीहरूको समाजमा नरहेको होस् । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले संयमको साथ उनीहरूलाई सत्मार्गतर्फ आमन्त्रित गर्नु भयो, र एउटा सानो अवधीमा तिनै अनभिज्ञ कुकर्मी अरबीहरूको कायापलट भयो, र उनीहरू यस संसार समक्ष सूपरपावर बनेर उम्रे र समस्त संसारका योद्धाहरूलाई प्रास्त पारे । यो कुनै जादू एवं आकास्मिक चमत्कार थिएन बरु जब त्यही अनभिज्ञ अरबीहरूले बहुदेववादलाई छाडेर एक अल्लाहमा विश्वास गरे र मात्र अल्लाहलाई आफ्नो उपास्य र सहायक बनाए, र कुरआन हदीसको अनुशरण गरे, र कुकर्मलाई रोक्न सबै एकजुट भए र सत्कर्मलाई फिजाउन समस्त संसारलाई आव्हान गरे, र हट गर्नेहरूलाई पाठ पढाउने निर्णय गरे, त अल्लाहले उनीहरूको सहायता गऱ्यो, र उनीहरूलाई पूर्ण संसारको लागि आदर्श बनाई पूर्ण संसारको उत्तराधिकारी बनायो । त्यही अनभिज्ञहरूले विज्ञानका यस्ता यस्ता कृति अर्जित गरे कि आजको आधुनिक विज्ञान पनि त्यसलाई हेरेर हैरान छ । र आजको विज्ञान जति पनि प्रगति गरेछ त्यो मात्र उही अनभिज्ञ अरबीहरूको देन हो । यस विज्ञानको जग र प्रथम आधार उनीहरूले नै राखे, जुन अवधीलाई कालो युग अथवा अन्तरालको युग भनिन्छ त्यसै अवधीमा मुस्लिमहरूले विज्ञानका महान कृतिहरू संसार समक्ष प्रस्तुत गरे । मात्र विज्ञानमा होइन बरु जीवनका समस्त क्षेत्रहरूमा मुसलमानहरूले कृति अर्पण गरे । हजरत उमर रजीअल्लाहो अन्हो जस्तो न्यायकर्ता के यो संसार पेश गर्न सक्छ ? हजरत खालिद बिन वलीद रजीअल्लाहो अन्हो जस्तो शूरवीर र

योद्धाको उदाहरण कोही दिन सक्छ ? सलाहुद्दीन अय्यूबी जस्तो बुद्धिमान राजनीतिज्ञ र कुटनीतिज्ञको कुनै उदाहरण छ ? कदापि छैन । यदि मेरो कुरोमाथि विश्वास छैन भने मुस्लिमहरूको शत्रुहरूको लेखहरूमा नै हेर्नुस् सबैले यो स्वीकार गरेछन् कि इस्लामका निर्देशनहरूले त्यो सबै कृतिहरू अर्पण गऱ्यो जुन हुन असम्भव थियो । र त्यो इस्लामीय निर्देशनको प्रभाव नै थियो जसले मुसलमानहरूलाई संसारका अधिकतम् भागमाथि राज्यसत्ता प्रदान गऱ्यो ।

त हे प्रिय भाइहरू ! हामी पनि त त्यही अल्लाह र रसूललाई मान्नेवाला हौं र उनी माथि नै आस्था राख्छौं फेरि हामी यस संसारमा सबै भन्दा दुर्बल किन छौं ? हाम्रो अवस्था सबै भन्दा दयनीय किन छ ? हामी भित्र सबै भन्दा असैक्षता किन ? हाम्रो हक अधिकार हनन् किन हुन्छ ?

यस्ता सबै प्रश्नहरूको उत्तर एउटै हो हामीले अल्लाह र रसूललाई छाडी दिएँ , उनीको निर्देशनहरूलाई मात्र एउटा वृतान्त ठानें, आफ्ना पूर्वजहरूको कृतिहरूलाई मात्र कथा बुझें, यसै कारण हाम्रो यो दुर्दशा छ । यसै कारण हामी यत्रो ठूलो संसारमा पनि दयनीय अवस्थामा अआफ्ना जीवन व्यतीत गर्नुमा बाध्य भएं ।

हे प्रिय भाइ ! अल्लाहका निर्देशनहरूलाई अपनाऊ अल्लाह तिमीलाई अपनाउने छ । तिमीहरू आफ्नो सहायता स्वयम् गर्न सक्छौ तर एक पाइला अगाडी त आऊ, आफ्नो पालनकर्तालाई पहिचान, बहुदववादलाई छाड, कुकर्मको मार्गलाई त्याग, सुकर्मलाई प्रचलित गर, अनि हेर अल्लाहको अनुग्रह, तिम्रो सहायता पनि हुनेछ र तिम्रो याचना पनि सुनिनेछ, तिमीलाई राजसत्ता पनि मिल्ने छ र तिम्रा शत्रुहरू नतमस्तक पनि हुनेछन्, तिम्रो इज्जत सम्मान पनि फिर्ता मिल्नेछ । तर हे भाइ त्यसको लागि आफूलाई परिवर्तित गर्नुपर्छ । अल्लाह कुनै समूहलाई विजय प्रदान गर्दैन जब सम्म त्यो समूह स्वयम् विजयको अभिलाषी नहोस् ।

यदि हामीलाई अमन शान्ति सुख चैनको जीवन चाहिन्छ भने अल्लाहतर्फ प्रवृत्त हुनुपर्छ, अल्लाहका निर्देशनहरूलाई अपनाउनु त्यसको आव्हानकर्ता बन्नुपर्छ, र यस संसारलाई एक पटक फेरि शान्तिको पाठ पढाउनु पर्छ ।

तर्सथ हे भाइ ! सांसारिक मोह मायालाई त्याग यो त मात्र खेलमाशा हो, परलोकको चिन्ता गर त्यो नै सदैवको शासवत जीवन हो । यदि आज पनि हामी अल्लाहमाथि त्यस्तै आस्थावान भइजाऔं जस्तो कि हाम्रा पूर्वजहरू थिए त आज पनि हाम्रो सहायताको लागि फरिश्ताहरू अवतरित हुन सक्छन्, र आज पनि हाम्रो नाम सुनेर हाम्रा शत्रुहरू भयले कम्पित हुनेछन् । तर यसको लागि हामीलाई इस्लामीय निर्देशनहरूको अनुशरण गर्नुपर्छ, छलकपट, ईर्ष्या, अन्याय, अत्याचारको बाटोलाई त्याग्नु पर्छ, र एउटा स्वच्छ वातावर्णको निर्माण गर्नुपर्छ । अनि हामी सफलता अवश्य पाउने छौं, र हामी लोक परलोक दुवैमा सफल हुनेछौं, र अल्लाहको कष्टदायक सजायबाट मुक्ति पाउने छौं, र स्वर्गको अधिकारी बन्ने छौं ।

त हे संसारवालाहरू ! यदि तिमीलाई लोक परलोकको सफलता चाहिन्छ र शान्ति एवं परम् आनन्द चाहिन्छ भने इस्लामलाई स्वीकार गर, र इस्लामीय निर्देशनहरूलाई अपनाऊ, र त्यसलाई समस्त संसारमा प्रचलित गर, अनि अनन्त शान्तिको उपभोग गर, र समस्त संसारलाई जुन शान्ति चाहिन्छ त्यसको आभास गर । यदि यस्तो गरेनौं भने तिमीहरू यस्तै आपसमा युद्धरत रहने छौ, कुनै अवस्थामा पनि तिमीलाई शान्ति मिल्ने छैन, तिम्रो माल सम्पत्ति इज्जत सम्मान यस्तै हनन् गरिनेछ, तिम्रा दिदिबहिनी आमा स्वास्नीसंग यस्तै बलात्कार गरिनेछ ।

हे सफलताको अभिलाषी यात्रीहरू ! आफ्नो पालनकर्तालाई पहिचान, आफ्नो कर्तव्यलाई जान, र इस्लाममा सुदृढ रही आफ्नो कर्तव्यको निर्वाह गर, सत्कर्मको आदेश गर र

कुकर्मबाट समस्त संसारलाई स्वच्छ पार अनि सफलता अवश्य पाउने छौ । हे अल्लाह हामीलाई सत्मार्गलाई पहिचान गर्ने क्षमता प्रदान गर र त्यसको आव्हानकर्ता बनाऊ, र कुकर्मबाट बचाई त्यसको विरोध गर्ने शक्ति प्रदान गर ।

मेरो अल्लाहसित यो प्रार्थना छ कि अल्लाह हामी सबैलाई सत्कर्मतर्फ प्रवृत्त गरुन् र कुकर्मबाट बाँच्ने शक्ति प्रदान गरुन् र हामीलाई सत्य पथको आव्हानकर्ता बनाउन् र कुकर्मी र अन्यायी एवं अत्याचारीहरूलाई पाठ पढाउनेवाला बनाउन्, र समस्त संसारमा शान्तिलाई अर्जितगर्नेवाला सफल आमन्त्रणकारी बनाउन् र हामीलाई यस्तो ज्ञान प्रदान गरुन् जसद्वारा हामी सबैलाई सत्मार्गी बनाउनमा सफल भई जाऔं, र यस संसारमा जुन अत्याचार र अन्यनय, बलात्कार एवं व्यभिचारको बजार तताएको छ त्यसलाई शीतल पार्नुमा सक्षम भइजाऔं, र समस्त प्राणीहरूको उद्धारकर्ता बनी तिम्रो दयाको पात्र ठहर होऔं । हे अल्लाह हामीमाथि आफ्नो कृपाको अवतरण गर, हामीलाई आफ्नो सदाचारी भक्तहरू मध्येका बनाई देऊ, र हाम्रो पनि उस्तै सहायता गर जसरी आफ्ना सदाचारी भक्तहरूको सहायता गरेका थियौ, र हाम्रो लागि पनि उस्तै स्वर्गदूतहरूलाई अवतरित गर जसरी आफ्ना विगतका भक्तहरूको लागि अवतरित गरेका थियौ ।
र हे अल्लाह हामीलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूको पद्धतिमा हिंडने सहास प्रदान गर, र हाम्रा सबै मनोकामनाहरूलाई पूर्ण गर, र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गर , र हाम्रा निःसंतान दाजुभाइ र दिदिबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पार , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परेणित गरिदेऊ, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गर । ( आमीन )

# *समाप्त*

*अनुवादक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780
00966-0501372254